नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक २४२ | २०८२ साल बैशाख १५ गते सोमबार (28 Apr. 2025 Monday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**
लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : फेन्चाइज प्रतियोगिताले ... ३ पृष्ठमा : सबै आमाप्रति समर्पण ... ३ पृष्ठमा : भारत र पाकिस्तानी ...

## सप्तरीको कञ्चनरुपमा यात्रुबाहक बस दुर्घट्ना, तीनको मृत्यू दुई दर्जन घाईते




**दैनिक समाचारदाता**
**राजविराज, १४ गते ।**

सप्तरीको कञ्चनरुप नगरपालिकामा यात्रु बाहक बस दुर्घट्ना हुँदा तीन जनाको मृत्यू भएको छ ।

नगरपालिकाको वडा नम्बर १० बदगामा स्थित पूर्व-पश्चिम राजमार्गमा आईतबार उदयपुरबाट विराटनगरतर्फ जाँदै गरेको प्र. १-०१-००१ ख. ३४२० नं. को यात्रुबाहक बस दुर्घटना हुँदा तीन जनाको मृत्यू भएको भएको हो ।

बस आफै अनियन्त्रित भई दुर्घट्ना हुँदा तीन जनाको मृत्यू भएको र बसमा सवार ३५ जना मध्ये २२ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

दुर्घट्नामा एक महिला र एक पुरुषको किचिएर घट्नास्थलमै मृत्यु भएको र सोही दुर्घटनामा गम्भीर घाइते भएका सप्तकोशी नगरपालिका वडा नम्बर १ घर भएका ७५ वर्षीय रत्नबहादुर मगरातीको विराटनगरस्थित गोल्डेन अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।

उनका अनुसार घट्नास्थलमा उदयपुरको त्रियुगा नगरपालिका खैजनपुर बस्ने २२ बर्षीया कविता चौधरी र झापाको गौरादह २ बस्ने ३९ बर्षीय अनिल राईको घट्ना स्थलमै मृत्यू भएको हो ।

दुर्घट्नामा परि सप्तकोशी नगरपालिका वडा नं. १ बस्ने अन्दाजी २१ वर्षीया सुवेता दाहाल, सोही ठाउँका २६ वर्षीया चेतना भट्टराई, ४० वर्षीया सविता थापा, ३० वर्षीया सुष्मा विष्ट, ७० वर्षीया पवित्रा, वडा नं २ का ४४ वर्षीय विजय विक घाईते भएका छन् ।

यस्तै सप्तरीको महदेवा गाउँपालिका वडा नम्बर २ का ५० वर्षीया विमलादेवी ठाकुर, झापाका मनोज भट्टराई, मीना भट्टराई र उदयपुर चौदण्डी नगरपालिका ५ का ५९ वर्षीया कमला भुसाल घाईते छन् ।

यसैगरी, सुनसरीको वराहक्षेत्र नगरपालिका वडा नम्बर ६ का ३५ वर्षीय भरत यादव, सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका वडा नम्बर ३ का

***बाँकी तीन पृष्ठमा***

## डाक्नेश्वरीमा आँखा र कानको नि:शुल्क शिविर सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १४ गते ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकामा आँखा र कानको रोगीहरुका लागि नि:शुल्क शिविर सञ्चालन गरिएको छ ।

वडा नम्बर ५ स्थित रहेको कन्त चन्द्र माध्यमिक विद्यालय पातोमा आँखा तथा कानका रोगीहरुका लागि नि:शुल्क शिविर संचालन गरिएको हो ।

शनिवार आयोजना गरिएको शिविरमा आँखा र कानका तीनसय ६० जना रोगीले सेवा लिएको आयोजक संस्थाले जनाएको छ ।

***बाँकी अन्तिम पृष्ठमा***

## राप्रपा अध्यक्ष लिङ्देनलाई कारवाही गर्न माग गर्दै काँग्रेसले पठाए प्रधानमन्त्रीलाई ज्ञापनपत्र



**दैनिक समाचारदाता**
**राजविराज, १४ गते ।**

नेपाली काँग्रेस सप्तरीले राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनलाई कारवाही गर्न माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको छ ।

बैशाख १२ गतेका दिन संघीय संसदमा राप्रपाका केन्द्रिय अध्यक्ष राजेन्द्र लिङ्गदेनले कपोल कल्पित, भ्रामक अभिव्यक्ति राखी संसद, जनता र समाजलाई दिग भ्रमित गरी दुष-प्रचार गर्ने कार्य गरेको भन्दै ज्ञापनपत्र मार्फत कारवाहीको माग गरेको हो ।

नेपाली काँग्रेस सप्तरीको टोलीले आईतवार जिल्ला प्रशासन कार्यालय सप्तरी मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाउँदै देशको जिम्मेवार पार्टीका अध्यक्षले यसरी वोलेको विषय राजावादीहरुको आन्दोलनमा कोटेश्वर स्थित भाट-भटेनीमा भएको लुट पाटमा नेपाली काँग्रेसको सह-महामन्त्रीको छोराले लुटपाट गरेको भनी अमर्यादित भनाई प्रति हाम्रो गम्भिर आपत्ती रहेको जनाएको छ ।

"राजेन्द लिङ्देनको सो कदमले नेपाली जनताको बलीदानबाट प्राप्त संघीयता, लोकतन्त्र, गणतन्त्रलाई कमजोर गर्ने दुष्प्रयास गरेको हामीले महसुस गरेका छौं" ज्ञापनपत्रमा भनिएको छ ।

लिङ्देनको भनाई प्रति नेपाली काँग्रेस खेद प्रकट गर्दै नेपाली काँग्रेसको कुन सह(महामन्त्रीको छोराले लुटपाट गरेको हो भनी प्रष्ट पार्न चुनौती समेत दिइएको ज्ञापनपत्रमा यस्ता गैर जिम्मेवारपूर्ण अभिव्यक्ति दिने राजेन्द्र लिङ्गदेनलाई कानूनको कठघरामा खडागरी आवश्यक कारवाही गर्न माग गरिएको छ ।

"समाजिक संजालमा सह-महामन्त्रीको नाम राखी समाजिक प्रतिष्ठामा आँच पुग्ने गरी भएको मान मर्दन हर्कतलाई घोर भर्तसना

***बाँकी तीन पृष्ठमा***

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ।॥**

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

Wisdom School
Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

- दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने।
- बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने।
- CC Camera को निगरानीमा पठनपाठन गराइने।
- अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने।
- प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको।
- गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
- कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने।

**प्रधानाध्यापक**
Wisdom School, Rajbiraj 2
**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**

## साइबर सुरक्षाबारे सचेत रहौं

- अपरिचित इमेल, सन्देश र लिङ्कहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरूबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं,
- आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रूपमा परिवर्तन गरौं,
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### नदी नालाको सरसफाई होस्

सप्तरी जिल्ला प्रकृतिको दृष्टिले धनी भए पनि संरक्षणको अभावमा यसको स्रोतहरू दिन प्रतिदिन बिग्रँदै गएका छन्। विशेषतः यहाँका नदी-नालाहरू प्रदूषित बन्दै गएका छन्, जसको असर केवल वातावरणमै सीमित छैन–स्वास्थ्य, कृषि, रेखीय योजना र समग्र विकासमा पनि गहिरो प्रभाव परेको छ। खाँडो, जिता, महुली, भलुवाही जस्ता प्रमुख नदीनालाहरू प्लास्टिक, औद्योगिक फोहर र ढल मिसावटका कारण विस्तारै नाला झैं बन्दै गएका छन्। गाउँ-सहर दुबै क्षेत्रमा अव्यवस्थित फोहोर व्यवस्थापन र जनचेतनाको कमीले जल स्रोतहरूलाई दुर्गन्धित र प्रदूषित बनाएको छ।

नदी-नालाको संरक्षण केवल सौन्दर्यकरणको विषय होइन, यो मानव स्वास्थ्य, भूमिगत जल संरक्षण र बाढी नियन्त्रणका लागि अत्यावश्यक छ। सरसफाई नगरे, वर्षायाममा डुबानको समस्या झनै भयावह बन्न सक्छ। स्थानीय सरकार, सामुदायिक संघसंस्था र जनताको सहभागितामा नियमित सरसफाई कार्यक्रम सञ्चालन गरियोस्। विद्यालयस्तरदेखि नै सरसफाई र वातावरणीय चेतना फैलाउनुपर्छ।

तसर्थ कानुनी रुपमा नदी प्रदूषण रोक्ने उपायहरू लागू गर्न ढिलाइ गर्नु हुँदैन। नदी-नाला सफा भए मात्र हामीले आफ्नो वातावरणलाई जोगाएको ठान्न सकिन्छ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# फेन्चाइज प्रतियोगिताले फुटबलमा ल्याएको उत्साह

**- राजु सिलवाल**

काठमाडौँ, १४ वैशाख (रासस)।

नेपालमा लिग फुटबल नै आयोजना हुन नसकिरहेको वर्तमान अवस्थामा निजी क्षेत्रकोतर्फबाट सञ्चालन गरिएको फ्रेन्चाइज फुटबल प्रतियोगिताले नेपाली फुटबल खेलाडीहरूलाई प्रतिभा प्रदर्शन गर्ने उचित अवसर दिएको छ। नेपाल स्पोर्टस् एण्ड इभेन्ट म्यानेजमेन्टद्वारा आयोजित नेपालकै सबैभन्दा पहिलो फेन्चाइज खेलकुद प्रतियोगिताको तेस्रो संस्करण करिब एक महिनासम्म सञ्चालन भएको थियो।

मुलुकको फुटबलको विकासका लागि रहेको आधिकारिक संस्था अखिल नेपाल फुटबल सङ्घले पूर्वघोषित नकआउट फुटबल प्रतियोगितासमेत गर्न नसकेको अवस्थामा मुलुकका विभिन्न सात जिल्लाको प्रतिनिधित्व रहेको एनएसएल फुटबल प्रतियोगिताको गत शनिबार सम्पन्न फाइनलमा ललितपुर सिटी फुटबल क्लबले पोखरा थण्डर्सलाई एक गोलकाविरूद्ध दुई गोल प्रहार गरी उपाधि रक्षा गर्न सफल भएको थियो। सो खेलको मध्यान्तरअघि समय समाप्त हुनु तीन मिनेटअघि ललितपुरका तर्फबाट नाइजेरियाका खेलाडी इमोह इजेकेले पहिलो गोल गरेका थिए। मध्यान्तरपछि ६३औं मिनेटमा पोखराका सुदील राईले गोल फर्काएर खेललाई बराबरको स्थिति बनाए पनि ७४औं मिनेटमा ललितपुरका लागि पापा इबोउ केबेले दोस्रो गोल गरेर अग्रता दिलाएका थिए।

गत वर्ष पनि विजेता रहेको ललितपुर टिमका कप्तान अनन्त तामाङले आफ्नो टिमलाई लगातार दोस्रोपटक उपाधि दिलाउन सफल भएका छन्। कप्तान तामाङ स्तरीय खेलाडीहरू रहेका पोखरा टिमले कडा प्रतिस्पर्धा गरेकाले फाइनल जित्न सजिलो नभएको बताउँछन्। यो प्रतियोगितामा इङ्गल्याण्डका प्रशिक्षक साइमन ग्रेसनको प्रशिक्षणमा ललितपुरले अपराजित टिमका रूपमा स्थापित हुन सफल भएको छ। पोखरा टिमका कप्तान आयुष घलानले सर्वोत्कृष्ट खेलाडी घोषित बन्दै रू दुई लाख ५० हजार पुरस्कार जित्न सफल भएका छन्। उनले आगामी वर्ष राम्रो नतिजा ल्याउन आफ्नो टिमले प्रयास गर्ने धारणा व्यक्त गरे। पोखरा टिमका गोलकिपर गिलामो प्रिसोले पाँच खेलमा एक गोल पनि नखाएर रू एक लाखको उत्कृष्ट गोलकिपर पुरस्कार जितेका थिए। प्रथम विजेता ललितपुर टिमका सन्तोष खत्रीलाई प्रतियोगिताको इमर्जिङ तथा मणिकुमार लामालाई इनरजेटिक खेलाडीका रूपमा जनही रू एक/एक लाख पुरस्कार प्रदान गरिएको थियो। प्रतियोगिता अवधिभर सर्वाधिक नौ गोल गर्न सफल धनगढी फुटबल क्लबका खेलाडी अहमद हिजानीलाई सर्वाधिक गोलकर्ताको पुरस्कार पाएका थिए।

प्रतियोगितामा छैठौँ भएको झापा टिमले एउटै रेड कार्ड नपाएर प्रतियोगिताको फेयर प्ले पुरस्कार पाएको थियो। यस्तै नेपाली महिला राष्ट्रिय फुटबल टिमकी खेलाडी प्रिति राईलाई आयोजकले स्कुटर प्रदान गरेका प्रोत्साहित गरेका थिए।

पोखरा टिम प्रारम्भिक चरणमा दुई खेलमा पराजित भए पनि प्रशिक्षक सुमन श्रेष्ठले पछि क्रमशः खेलमा रणनीति परिवर्तन गर्दै टिमलाई फाइनलसम्म लैजान सफल भएका थिए। फाइनलमा पनि पोखराले प्रारम्भदेखि नै कडा चुनौती दिएको देखिएको थियो यसअघि लिग चरणमा पनि ललितपुरले पोखरा टिमलाई पराजित गरिसकेको थियो। 'अब खेल्छ नेपाल' नारा दिइएको एनएसएल प्रतियोगितामा नेपाली दर्शकहरू नेपाली तथा विभिन्न देशमा व्यावसायिक फुटबल खेलिरहेका विदेशी खेलाडीहरूको खेल हेर्ने अवसर पाएका थिए।

फाइनलको दिन दशरथ रङ्गशाला टन्नै भरिएको थियो। फुटबलप्रेमीहरूले टेलिभिजनको प्रत्यक्ष प्रसारणका साथै विभिन्न सामाजिक माध्यमबाटसमेत खेल हेरेका थिए। तर प्रतियोगिता अवधिभर निर्धारित समयमा निर्णय हुन नसकी अतिरिक्त समय थप गरिएको तथा टाइब्रेकरबाट खेलको निर्णय भएको क्षण भने दर्शकहरूले अनुभव गर्नु परेन।

यस प्रतियोगितामा नेपाली खेलाडीहरूले एकैटिममा रहेर विदेशी खेलाडीहरूसँग खेल्ने मौका पाएका थिए। विदेशी प्रशिक्षक तथा खेलाडीहरूबाट नेपाली खेलाडीहरूले थप खेल कौशल सिक्न पाए जसको दुरगामी महत्व रहेको छ। विदेशमा रहेका नेपालीहरू तथा विदेशी खेलाडीहरूलाई समेत यो प्रतियोगिता नेपालप्रति आकर्षण गर्ने एउटा माध्यम बनेको छ। व्यावसायिक खेलको जग नबनिसकेको नेपालमा खेलाडीहरूलाई अक्सन गर्दै लाखौं पारिश्रमिक दिएर खेलाउनु, विभिन्न देशबाट करोडौं खर्च गरेर खेलाडीहरू आमन्त्रण गर्नु त्यति सहज छैन। प्रतियोगिताको आयोजनाका साथै विभिन्न क्लबकालागि निजी क्षेत्रका तर्फबाट गरिएको लगानीको प्रतिफल उठ्न अझै केही वर्ष धैर्य गर्नुपर्ने स्थिति रहेको देखिन्छ। तर यस्ता प्रतियोगिताको निरन्तरताले खेलकुद क्षेत्रलाई समृद्ध बनाउँदै लैजान सकिने छिमेकी मुलुकहरूमा भइरहेको खेल गतिविधिबाटै प्रष्ट हुन्छ।

नेपालको राष्ट्रिय फुटबल टिममा नरहेका खेलाडीहरूले अब एनएसएल फुटबल प्रतियोगिताका माध्यमबाट निकट भविश्यमा देशको प्रतिनिधित्व गर्ने अवसर पाउने निश्चित छ। नेपाली राष्ट्रिय फुटबल टिमका वर्तमान मुख्य प्रशिक्षक म्याट रस खेल हेर्न रङ्गशालामा उपस्थिति हुने गरेका थिए। नेपाली खेलाडीले यस प्रतियोगितामा गरेको खेल प्रदर्शनबाट उनीहरूले आगामी दिनमा विदेशका अन्य व्यावसायिक क्लबमा समेत खेल्न पाउने सम्भावनाको ढोका खुलेको छ।

**करोडौँको पुरस्कार**

एनएसएल फुटबलमा पुरस्कार मात्र करोडौं रूपैयाँ वितरण गरिएको थियो। प्रथम भएको टिमले रू ८० लाख पुरस्कार प्राप्त गरेको थियो भने दोस्रो टिमलाई र रू ३० लाख प्रदान गरिएको थियो। अघिल्लो संस्करणमाभन्दा यसपटक प्रथम र दोस्रो भएको टिमको पुरस्कारमा रू १० लाख वृद्धि गरिएको थियो। अघिल्लो वर्ष प्रथम भएको टिमले रू ७० लाख र दोस्रो टिमले रू २० लाख पुरस्कार पाएको थियो। यसैगरी विभिन्न विधामा उत्कृष्ट भएका खेलाडीहरूलाई प्रदान गरिएको लाखौं नगद पुरस्कारले पनि प्रतियोगिताको बजेट बढ्न गएको थियो।

**पहिलोपटक 'रेड कार्ड' खारेज**

प्रतियोगिताअन्तर्गत भएका केही खेलमा विवाद पनि भएका थिए। फाइनलमा समेत प्रतिस्पर्धी टिमबीचको बिबादले बिग्रन लागिसकेको स्थितिलाई भारतीय रेफ्री रामदशनले सम्हालेका थिए। धनगढी र ललितपुरबीचको खेल बढी विवादास्पद मानिएको थियो। खेलका क्रममा ललितपुर एफसीका मिडफिल्डर मणिकुमार लामालाई रेफ्रीले 'रेड कार्ड' देखाएर मैदानबाट निष्काशित गरेका थिए। तर अपिल गरिएपछि भएको छानबिनमा मणि निर्दोष देखिएपछि उनलाई दिइएको 'रेड कार्ड' खारेज गरी फाइनलमा खेल्न अनुमति दिइएको थियो।

नेपालको फुटबल इतिहासमा यसरी रेफ्रीले देखाइसकेको 'रेड कार्ड' खारेज गरिएको यो पहिलो हो। प्रतियोगिताकै दौरानमा म्याच डाइरेक्टर र रेफ्रीलाई समेत हातपातको प्रयाससमेत हुनु सामान्य घटना होइन। अनुशासनकै कारण पोखरा टिमलाई आयोजक समितिका तर्फबाट रू ५० हजार जरिवाना समेत गरिएको थियो। श्रम स्वीकृति नभएका खेलाडीलाई खेलाइएकामा बिरोध गरिदा खेल १८ मिनेट ढिलो सुरू भएको जस्ता घटना पनि प्रतियोगितामा भएका थिए।

**विश्व प्रसिद्ध फुटबलरको उपस्थिति**

एनएसएल फुटबलका सिलसिलामा विश्वमै चर्चित मानिएका ब्राजिलका फुटबलका हस्ती रोबर्टो कार्लोसको नेपाल आगमनले पनि नेपाली खेलाडी तथा फुटबल प्रेमीहरूको उत्साह थपेको थियो। उनको नेपाल भ्रमण दुई दिनको मात्र भए तापनि नेपालको फुटबल इतिहासमा महत्वपूर्ण मानिएको छ। उनको भ्रमणका माध्यमबाट नेपालको विश्वमा प्रचार भएको छ। उनले ढाका टोपी लगाएर खिचेको फोटोलाई विभिन्न सञ्चार माध्यमले प्रकाशित गरेका थिए। दशरथ रङ्गशालामा रोबर्टो कार्लोसले प्रहार गरेको फ्रि किकले सबैलाई रोमान्चित गरिदिएको थियो। अझ खुसीको कुरा ललितपुर एफसीका गोलकिपर सुमित श्रेष्ठले ब्राजिलका विश्वकप विजेता फुटबल टिमका हस्ती कार्लोसले प्रहार गरेको पहिलो फ्रि

*बाँकी तीन पृष्ठमा*


दर्ता नं. ११/०६८/०६९

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

### मुख्य कार्यालय मलेठ-९, सप्तरी

मिति : २०८२।०१।१४

### ऋण बुझाउने ३५ दिने सार्वजनिक सुचना

यस जन ज्योती कृषि सहकारी संस्था लि. राजबिराज ९ मलेठ सप्तरीबाट बिभिन्न मिति तथा उंद्धेश्यमा ऋण लिएको तपशिलका सदस्यहरुले भाखा म्याद भित्र ऋण रकमको साँवा, सो साँवाको लाग्ने व्याज तथा हर्जना रकम नबुझाएकोले निजहरुलाई पटक पटक मौखिक तथा लिखित पत्राचार गरि सकिएको तत्पश्चात पनि ऋण नबुझाई अटेर गरेको हुदाँ निजहरुलाई ऋण बुझाउन आउन ३५ दिने अन्तिम पटक सार्वजनिक सुचना जारी गरिएको छ। उक्त समय भित्र ऋण बुझाउन हुन सुचित गरिन्छ। सो नगरिएमा सहकारी ऐन २०७४ को दफा ७९,८३ र सहकारी नियमावली २०७५ को दफा ३० र संस्थाको विनियम २०६८ बमोजिम निजहरुले लेखि दिएको धितो जमानत लिलाम बिक्री गरी असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

| क्र.स. | ऋणीको नाम | फोटो | वुवा /पति | बाजे/ससुरा | ठेगाना | ऋणको उद्वेश्य |
|---|---|---|---|---|---|---|
| १. | अभिरुन नेसा | | मोहमद रहीम | हसन मंसुरी | विष्णुपुर १ थलही | कृषि कर्जा |
| [redacted] | [redacted] | | रुन्दी दास | नेती दास | विष्णुपुर १ जमुनी मधेपुरा | व्यपार कर्जा |
| [redacted] | [redacted] | | राधा दास | मरुवा दास | रुपनी ५ हाल राजविराज ९ विहारपुर | व्यपार कर्जा |
| [redacted] | [redacted] | | लखेन्द्र चौधरी | घोती लाल चौधरी | हरिहरपुर ९ हाल राजविराज ८ | कृषि कर्जा |

# रुपनी राईडर्सलाई हराउँदै युथ एकेडमीको विजयी शुरुवात



**दैनिक समाचारदाता राजविराज, १४ गते ।**

राजविराजमा संचालित अन्तर जिल्ला स्तरीय क्लव टि( ट्वान्टी क्रिकेट प्रतियोगिता अन्तर्गतको खेलमा युथ एकेडमीले विजयी शुरुवात गरेको छ ।

आईतवार पविमाविको खेल मैदानमा सम्पन्न उद्घाट्न खेलमा रुपनी राईडर्सलाई ६ विकेटले पराजित गर्दै युथ एकेडमीले विजयी शुरुवात गरेको हो ।

टस जितेर ब्याटिङ्ग थालेको रुपनी राईडर्सले १७ ओभर ६ बलमा सबै बिकेट गुमाएर १ सय ७ रनको योगफल खडा गरेका थिए ।

जसमा ब्याटिङ्ग तर्फ शिव अधिकारीले ४६ रन तथा गुणान्नद राय १० रन बनाए । बलिंग तर्फ युथ एकेडमीका गोमान्नद अमात्य ३ विकेट, भिमकुमार यादव, सन्तु मण्डल, अभिषेक कार्कीले समान २/२ र सन्दिप यादवले १ बिकेट हात पारे ।

१ सय ८ रनको लक्ष्य सहित जवाफी व्याटिङ्गमा उत्रिएका युथ क्रिकेट एकेडमीले १६ ओभर १ बलमा ४ विकेट गुमाएर विजयी लक्ष्य हासिल गरे ।

जसमा भिम यादव ३१ र अभिषेक कार्कीले अविजित २३ को पारि खेलेपछि युथलाई खेल जित्न सहज भएको हो । युथको पारिमा विकास दास १९ र निरज यादवले १७ रनको योगदान गरे ।

बलिंग तर्फ रुपनीका बिष्णु मण्डल २ तथा गुणान्नद राय र असोक मेहताले १/१ विकेट लिएका थिए । खेलमा उत्कृष्ट प्रदर्शन गर्ने अभिषेक कार्की प्लेयर अफ दि म्याच अभिषेक घोषित भए ।

खेल शुरुहुनु अघि बलान बिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादवले ब्याटिङ्ग र राजविराज नगरपालिका वडा नम्बर ६ का अध्यक्ष शशी चौधरीले बलिंग गर्दै खेलको उदघाट्न गरेका थिए ।

क्रिकेट बिकास प्रतिष्ठानका अध्यक्ष ई. ईन्द्रनारायण देवको अध्यक्षतामा आयोजित उदघाटन समारेहमा राजविराज नगरपालिका वडा नम्बर १६ का अध्यक्ष रामएकवाल यादव, सप्तरी क्रिकेट सँघका सचिव चन्दनकुमार यादव, अन्तराष्ट्रिय क्रिकेटर दिपेन्द्र चौधरी, क्रिकेट विकास प्रतिष्ठानका बरिष्ठ उपाध्यक्ष गणेश आश लगायतले क्रिकेटको विकासका लागि सबैले आफनो स्तरवाट सहयोग गर्नु पर्नेमा जोड दिएका थिए ।

बैशाख २१ सम्म चल्ने प्रतियोगितामा जिल्लाका ६ वटा क्रिकेट क्लवको सहभागिता रहेको छ । प्रतियोगिताको विजेता र उपविजेता लाई ट्रफी, मेडलका साथै नगद पुरस्कारको व्यवस्था समेत मिलाईएको आयोजक क्रिकेट विकास प्रतिष्ठान सप्तरीले जनाएको छ ।

# 'बजेट परम्परागत र वितरणमुखी हुनुहुँदैन'

काठमाडौँ, १४ वैशाख (रासस) ।

प्रतिनिधिसभाको आईतवारको बैठकमा नेपाली कांग्रेस सांसद राजेन्द्रकुमार केसीले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट परम्परागत र वितरणमुखी नभई आवश्यकताका आधारमा जनता केन्द्रित हुनुपर्नेमा जोड दिनुभएको छ ।

बैठकको विशेष समयमा उहाँले देश र जनतालाई केन्द्रित गरेर नीति कार्यक्रम र बजेट तर्जुमा नहुँदा आर्थिक समृद्धिले गति लिन नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "यसअघिका सबै बजेट परम्परागत भएकाले विकासले गति लिन सकेन, कुनै पनि बजेटले उत्पादन र रोजगारी वृद्धिका साथै निर्यात बढाउन सकेको छैन ।"

सांसद केसीले स्रोतसाधनलाई अध्ययन गरेर आत्मनिर्भरमुखी र कृषिमा आधारित बजेट ल्याउन सरकारलाई सुझाव दिनुभयो । "बजेट ल्याउनुभन्दा तीन महिनाअघिदेखि बजेटका बारेमा छलफल गर्नुपर्ने भनिए पनि त्यसो हुन सकेको छैन, यही अधिवेशनमा करिब ३२ वटा विधेयक पारित गर्नुपर्ने छ, तर पनि मेरो अनुरोध छ, यो अधिवेशनले सबैभन्दा बढी ध्यान बजेटमाथिको छलफललाई प्राथमिकता दिनुपर्छ", उहाँले भन्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद पदम गिरीले वर्तमान सरकार मुलुकको आर्थिक समृद्धिमा केन्द्रित भइरहेको बताउँदै मुलुक र जनताको आवश्यकताका आधारमा बनेको सरकारले जनभावना सम्बोधन गर्ने धारणा राख्नुभयो । "वर्तमान सरकार जनता केन्द्रित विकास, निर्माणमा लाग्ने प्रतिबद्धता अनुसार गठन भएको हो । सरकारमा सहभागी दलहरू सो सहमतिप्रति प्रतिबद्ध छन्, मुलुकमा सुशासन र विकास कायम गर्न र विकासलाई अगाडि बढाएर लैजान सरकार प्रतिबद्ध छ", उहाँले भन्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद माधव सापकोटाले सरकारले जनभावना सम्बोधन गर्नुपर्नेमा जोड दिँदै संविधान र कानुन नमान्ने, बेथिती र विकृति बढाउने गतिविधि कसैले गर्न नहुने धारणा राख्नुभयो । उहाँले यस्ता गतिविधि गर्ने जोकोहीलाई कानुनी दायरामा ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो । "प्रतिपक्षले सत्तापक्षलाई रुपान्तरण गर्न खबरदारी गर्ने हो, रुपान्तरित हुँदै जनताप्रति इमान्दार हुनु सबैको दायित्व हो", उहाँले भन्नुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मनिष झाले वर्तमान सरकारले युवापुस्ताको राजनीतिक भविष्य समाप्त पार्ने अगाडि बढ्न नहुने सुझाव दिनुभयो । सरकारले गर्ने नियुक्ति र सिफारिस दक्षता र विज्ञताका आधारमा गनुपर्नेमा उहाँले जोड दिनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सचेतक ज्ञानबहादुर शाहीले सरकारले जुनसुकै अवस्थामा पनि जनताको जीउधनको सुरक्षा गर्नुपर्नेमा जोड दिनुभयो । तीनकुने घटनाको न्यायिक छानबिन समिति गठन गर्न माग गर्दै उहाँले ठूला भ्रष्टाचारका घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद राजेन्द्र पाण्डेले प्रदर्शनरत शिक्षक, आवासीय चिकित्सक, लघुवित्त तथा सहकारीपीडितको माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । जनता समाजवादी पार्टीका सांसद रञ्जुकुमारी झाले वितरणमुखी नभई उत्पादन र रोजगारमुखी बजेट ल्याउन सुझाव दिनुभयो । "पहुँचका आधारमा नभई जनताको आवश्यकताका आधारमा बजेट बनोस्", उहाँले भन्नुभयो ।

नागरिक उन्मुक्ति पार्टीका सांसद लालवीर चौधरीले प्रदर्शनरत शिक्षकको माग तत्काल सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले पहुँचका आधारमा अनुत्पादक क्षेत्रमा बजेट विनियोजन नगर्न सुझाव दिँदै जनतालाई केन्द्रमा राखेर बजेट र नीति कार्यक्रम ल्याउन आग्रह गर्नुभयो ।

राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीले जनताले आन्दोलनमार्फत फ्याँकेको राजतन्त्र कुनै पनि हालतमा नफर्कने उल्लेख गर्दै राजतन्त्रका पक्षमा झुटको खेती नगर्न पूर्वराजा समर्थकलाई सुझाव दिनुभयो । आम जनता पार्टीका सांसद प्रभु साहले वर्तमान सरकारले सुशासन आयोग गठन गरेसँगै यसको प्रभावकारी कार्यसम्पादनमा जोड दिनुपर्ने बताउनुभयो ।

सांसद चन्दा चौधरीले भारतको जम्मुकस्मिरस्थित पहलगाममा भएको आतङ्कवादी हमलाको निन्दा गर्दै आतङ्कवादी आक्रमण विपक्षमा उभिएर नेपालले भारतलाई दृढ समर्थन गर्नुपर्ने बताउनुभयो । सांसद नारायणप्रसाद आचार्यले आत्मनिर्भर अर्थतन्त्र निर्माण, स्थानीय उत्पादन र रोजगारी अभिवृद्धिमा तीनै तहकार सरकारबीच समन्वय आवश्यक भएको बताउनुभयो । सांसद मुक्ताकुमारी यादवले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको 'भाटभटेनीको मदिरा लुटपाटमा कांग्रेस सहमाहमन्त्रीको छोरा संलग्न'सम्बन्धी अभिव्यक्ति संसद्को रेकर्डबाट हटाउन माग गर्नुभयो ।

# राष्ट्रिय हक्की वैशाख १७ देखि हुने

काठमाडौँ, १४ वैशाख (रासस) ।

नेपाल हक्की सङ्घको आयोजनामा राष्ट्रिय पुरुष तथा महिला हक्की प्रतियोगिता वैशाख १७ गतेदेखि हुने भएको छ । यही वैशाख १७ देखि २६ गतेसम्म राष्ट्रिय पुरुष हक्की तथा वैशाख १८ देखि २६ गतेसम्म राष्ट्रिय महिला हक्की प्रतियोगिता हुने आज यहाँ आयोजित पत्रकार सम्मेलनमा आयोजक सङ्घकी महासचिव सुवर्ण श्रेष्ठले जानकारी दिनुभयो ।

खेलहरू ललितपुरको च्यासल फुटबल मैदानमा हुनेछ । पुरुषमा आठ तथा महिलामा चार समूहले प्रतिस्पर्धा गर्नेछन् । पुरुषमा मधेस, कर्णाली, गण्डकी, कोशी र बागमती प्रदेश, नेपाल पुलिस क्लब, नेपाल आर्मी र एपिएफ क्लब सहभागी हुनेछन् । एपिएफ हक्कीमा नयाँ समूह रहेको आयोजकले जनाएको छ । पुरुषमा सहभागीलाई दुई समूहमा विभाजन गरिएको छ । प्रतियोगिता लिग कम नकआउट आधारमा हुने महासचिव श्रेष्ठले जानकारी दिनुभयो ।

महिलातर्फ गण्डकी, मधेस र बागमती प्रदेश तथा नेपाल आर्मीले राउन्ड रोविन लिगका आधारमा प्रतिस्पर्धा गर्नेछन् । राउन्ड रोविन लिगपछि शीर्ष दुई स्थानमा रहने समूहबीच उपाधिका लागि प्रतिस्पर्धा हुनेछ । पुरुष तथा महिला दुवै प्रतियोगितामा शीर्ष तीन स्थान हात पार्ने समूहले क्रमशः रु ७५ हजार, रु ५० हजार र रु २५ हजार पुरस्कार प्राप्त गर्नेछन् ।

विधागततर्फ उत्कृष्ट हुने खेलाडीलाई जनही रु पाँच हजार पुरस्कार प्रदान गरिने महासचिव श्रेष्ठले जानकारी दिनुभयो । प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई रु दुई हजारबाट पुरस्कृत गरिनेछ । राष्ट्रिय पुरुष हक्की प्रतियोगिता सञ्चालन गर्न करिब रु ३५ लाख र महिलाका लागि रु २५ लाख खर्च हुने आयोजकले जनाएको छ ।

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

काठमाडौँ, १४ वैशाख (रासस) ।

प्रतिनिधिसभाको आइतवारको बैठकमा सांसदहरूले राजधानीमा भइरहेका विभिन्न प्रदर्शन, प्रदर्शन, मौलिक हकको कार्यान्वयनका लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माण, सामाजिक सञ्जालको दर्तालगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

बैठकको शून्य समयमा उहाँहरूले शिक्षक, चिकित्सक, लघुवित्त र सहकारी पीडितको प्रदर्शनलाई सम्बोधन गर्न, पहाडी क्षेत्रमा भइरहेको खानेपानीको अभाव अन्त्य गर्न आगामी बजेटमा विशेष व्यवस्था गर्न, सामाजिक सञ्जालको दर्ता प्रक्रियामा रहेको कानुनी व्यवधान अन्त्य गर्न सरकारलाई सुझाव दिनुभयो ।

सांसद अर्जुननरसिंह केसीले शिक्षकसँग यसअघि भएका सहमति कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै प्रदर्शनरत शिक्षक, आवासीय चिकित्सक, स्थानीय कर्मचारी, लघुवित्त र सहकारी पीडितका समस्या समाधानमा गम्भीर बन्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद अम्मरबहादुर थापाले शिक्षकसँग तत्काल वार्ता र संवाद गरेर माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद कान्तिका सेजुवालले शिक्षकसँग यसअघि भएका सहमतिको कार्यान्वयन गर्दै निःशुल्क र गुणस्तरीय शिक्षा पाउने विद्यार्थीको हक सुनिश्चित गर्न आग्रह गर्नुभयो । उहाँले आगामी आवमा कुल बजेटको २० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गर्न अनुरोध गर्नुभयो ।

सांसद गङ्गा कार्कीले विभिन्न माग राखेर सडकमा आन्दोलन गरिरहेका शिक्षक, चिकित्सक र लघुवित्त पीडितलगायतको माग पूरा गर्न सरकारसँग आग्रह गर्नुभयो । सांसद आश्माकुमारी चौधरीले जनभावना सम्बोधन हुने गरी नीति तथा कार्यक्रम र बजेट ल्याउन सरकारलाई सुझाव दिनुभयो । डा अमरेशकुमार सिंहले राष्ट्र प्रमुख, सरकार प्रमुख तथा मन्त्रीहरूको वैदेशिक भ्रमणका क्रममा प्राप्त उपहारलाई सङ्ग्रहालय बनाएर राख्न सुझाव दिनुभयो ।

सांसद असिम साहले सामाजिक सञ्जाल नेपालको कानुनअनुसार दर्ता भएर सञ्चालित हुनुपर्नेमा जोड दिँदै त्यस्ता कानुनमा भएका उल्झन हटाउन सुझाव दिनुभयो । सांसद ईश्वरबहादुर रिजालले जनताको सङ्घर्षबाट परास्त भएको राजतन्त्र नफर्कने उल्लेख गर्दै पश्चगामी सोच र चिन्तन जनतालाई सैह्य नहुने बताउनुभयो ।

सांसद ईश्वरी घर्तीले पिउने पानीको अभावमा पहाडी क्षेत्रका नागरिकले सास्ती व्यहोर्नुपरेको जनाउँदै आगामी आवको बजेट निर्माणका क्रममा प्रत्येक वडामा 'रिचार्ज' पोखरी निर्माणको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद उर्मिला माझीले गोरखा भूकम्पबाट प्रभावित सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिकास्थित माझी बस्तीका रहेका ५५ परिवारका नागरिक बैङ्कको कालोसूचीमा परेर उक्त बस्ती लिलामीको अवस्थामा पुगेको जनाउँदै माझी समुदायमाथि परेको अप्ठ्यारो समाधान गर्न आग्रह गर्नुभयो ।

सांसद एकनाथ ढकालले आगामी जेठ पहिलो साता काठमाडौँमा आयोजना हुने सगरमाथा संवादको तयारीमा सांसद्लाई पनि परिचालित गर्न आग्रह गर्नुभयो । सांसद कालुराम राईले हिउँदमा आगलागी र डढेलोबाट धनजनको क्षति र वातावरणीय प्रदूषण बढेको भन्दै अगलागी र डढेलो न्यूनीकरणका लागि जनचेतना फैलाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद अनिता देवीले भारतको जम्मुकस्मीरको पहलगाममा आतङ्कवादी आक्रमणमा एक नेपालीसहित दर्जनौँ पर्यटकको मृत्यु भएको घटनाको निन्दा गर्दै आतङ्कवादी गतिविधि निर्मुल पार्न विश्वसमुदाय एक हुनुपर्नेमा जोड दिनुभयो । सांसद किरणकुमार साहले भारतको जम्मुकस्मीरस्थित पहलगाममा धर्मका आधारमा पर्यटकमाथि आक्रमण गरिनु निन्दनीय रहेको जनाउँदै आतङ्कवादी क्रियाकलाप जहिले पनि जुनकुनै स्थानमा हुने भएकाले त्यस्ता गतिविधि नियन्त्रणसम्बन्धी सरकारको रणनीति के छ भनि प्रश्न गर्नुभयो ।

सांसद ज्वालाकुमारी साहले भारतको जम्मु कास्मिरस्थित पहलगाम र काठमाडौँको तीनकुनेमा भएको घटना घटनाको भर्त्सना गर्दै त्यस्ता गतिविधि स्वीकार्य नहुने बताउनुभयो । सांसद गणेश पराजुलीले पोखरा अन्तराष्ट्रिय विमानस्थललाई पूर्ण रूपमा सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद छिरिङ डम्डुल लामाले बिमा प्राधिकरणको अध्यक्षमा नियुक्तका विषयमा भएका निर्णय प्रक्रियाबारे सदनलाई जानकारी गराउन माग गर्नुभयो ।

## डाक्नेश्वरीमा...

सगरमाथा चौधरी आँखा अस्पताल लाहानको सहयोग तथा निःसहाय सेवा समिति पातो एवं डाक्नेश्वरी मानव अधिकार नगर समूहले संयुक्त रुपमा सञ्चालन गरिएको सो शिविरमा नेपाल र छिमेकी राष्ट्र भारतको विहार राज्य समेतवाट आँखा तथा कानका रोगीहरु सेवा लिन आएका थिए ।

दुई सय ६० जना आँखाका विरामीहरुलाई जाँच गरिएको मध्ये ७५ जना मोतियाविन्दुका रोगी निशुल्क अप्रेशनको लागि छनौट गरिएको निःसहाय सेवा समितिका सचिव रामचन्द्र मण्डलले जानकारी दिए ।

उनले शिविरमा ४८ जना कानका विरामीको उपचार गरिएको बताए ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*